प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

# कृषि उपजको प्रशोधन एवम् उद्योग स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७/०६/३०)

**प्रस्तावना:** कृषि उपजहरुको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्दै मूल्य अभिवृद्धि गर्ने र आन्तरिक तथा बाह्य बजारमा बिक्री वितरण गरी गुणस्तरीय कृषि वस्तुहरू उपभोक्तालाई उपलब्ध गराउने उद्देश्यले कृषि उपजको प्रशोधन एवम् उद्योग स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ ।

## १. प्राविधिक पक्ष

(क) यस कार्यक्रम सञ्चालनका लागि कृषि फर्म, कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) प्रशोधन केन्द्रद्वारा फलफूलको जुस, केचअप लेदो, अचार, धुलो, सुकाएको चाना, जाम, जेली लगायतका प्रशोधित पदार्थहरु उत्पादन गर्न सकिनेछ।

(ग) कृषिजन्य उत्पादनहरुको प्रशोधन, ग्रेडिङ, प्याकेजिङ, लेबलिङ गरी बजारीकरण गर्नुपर्नेछ।

(घ) प्रशोधन कार्यहरु गर्दा आधुनिक प्रविधिहरु अपनाउनुपर्नेछ र प्रशोधित खाद्य पदार्थको गुणस्तर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले तोके बमोजिमको हुनुपर्नेछ।

## २. आर्थिक पक्ष

स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही देहायका कार्यहरू मध्ये एक वा एक भन्दा बढी कार्यका लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(क) प्रशोधन केन्द्र सम्बन्धी पूर्वाधार निर्माण (भवन) र विद्युतीकरण।

(ख) प्रशोधनसँग सम्बन्धित आवश्यक मेसिन तथा उपकरणहरु (पिस्ने र धुलो बनाउने मेसिन, Juice extractor, Pasteurizer, Filling and sealing machine, Centrifuge, Boiler, Vessels, Laboratory equipment, peeler, slicer, dryer, blancher, fryer, fruit dehydrator, sealing machine, bottling or capping machine etc.) खरिद तथा व्यवस्थापन।

## ३. मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| **१.** | **पूर्वाधारको अवस्था** | **१०** |
| (क) | सडक र विद्युतको सुविधा भएको | १० |
| (ख) | चालु आ.व. भित्र सडक र विद्युतको सुविधा पुऱ्याउने | ५ |
| **२.** | **जग्गाको उपलब्धता** | **१०** |
| (क) | प्रस्तावित संरचना निर्माण गर्न आवेदकको आफ्नै नाममा जग्गा भएको | १० |

| | | |
|---|---|---|
| (ख) | प्रस्तावित संरचना निर्माण गर्न जग्गा लिज करारमा लिईएको | ५ |
| **३.** | **प्रस्तावकको साझेदारी प्रतिशत** | **१०** |
| (क) | कुल लागतको ५० प्रतिशत भएमा ५ अंक प्रदान गर्ने र सो भन्दा थप लागत साझेदारीको लागि प्रति ५ प्रतिशत १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने। | १० |
| **४.** | **स्थापना हुने संरचनाको स्वामित्व** | **१०** |
| (क) | कृषक समूह वा सहकारी संस्था | १० |
| (ख) | निजी फर्म/कम्पनी | ५ |
| **५.** | **कच्चा पदार्थको उपलब्धता** | **२०** |
| (क) | प्रशोधन केन्द्रको लागि आवश्यक कच्चा पदार्थ सम्बन्धित स्थानीय तहमा उपलब्ध भएको | २० |
| (ख) | प्रशोधन केन्द्रको लागि आवश्यक कच्चा पदार्थ सम्बन्धित जिल्लामा उपलब्ध भएको | १५ |
| (ग) | प्रशोधन केन्द्रको लागि आवश्यक कच्चा पदार्थ सम्बन्धित जिल्ला बाहिरबाट आयात गर्नुपर्ने | १० |
| **५.** | **प्रशोधित उपज उत्पादन क्षमता** | **२०** |
| (क) | वार्षिक १० मेट्रिक टन भन्दा बढी | २० |
| (ख) | वार्षिक ५ देखि १० मेट्रिक टनसम्म | १५ |
| (ग) | वार्षिक ५ मेट्रिक टन भन्दा कम | १० |
| **७.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (प्रस्तावको Pay Back period analysis, B/C ratio, Internal rate of return or IRR, Net present value or NPV ,बजारीकरण, दिगोपना, नविनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्यांकन गरी १ देखि १० सम्म अंक प्रदान गर्ने) | **१०** |
| | **जम्मा** | **९०** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

क) “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा १६ को उपदफा ३ बमोजिमका कागजपत्रहरु।

ख) कृषक समूह/सहकारी संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि।

ग) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १५ वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।

घ) निर्माण कार्यको लागि ड्र्इङ र डिजाईन सहितको डिटेल कस्ट इष्टिमेट र वित्तीय विश्लेषण समेटिएको प्रस्तावना।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न घरधुरी संख्याः |

ख) निर्माण गरिने प्रशोधन केन्द्रको क्षमता (वार्षिक)........... मे.टन.

ग) प्रशोधन गरिने कृषि उपज सम्बन्धि विवरण

| क.सं. | प्रशोधन हुने वस्तुको नाम | वार्षिक परिमाण (के.जी) | प्रशोधन अघिको भण्डारण अवधि | कच्चा पदार्थ उत्पादन हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(घ) पूर्वाधारको अवस्था

- निर्माण स्थलको क्षेत्रफल :..............
- विद्युत आपूर्तिलाई नियमित राख्न गरिने कार्यहरु उल्लेख गर्नुहोस्।
- निर्माण स्थलमा सडकको सुविधाः मुख्य सडकको नाम ................... मुख्य सडक र निर्माण स्थल जोड्ने सडक/बाटोको नाम........... र मुख्य सडकबाटको दुरी..............कि.मि. र सडक/बाटोको किसिम..............

ङ) सञ्चालन हुने क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| क. | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ख. | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| | जम्मा | | | | | | |

( च) माग गरेको जम्मा अनुदान रकम :

(छ) व्यवसायिक योजना

- नव◌ीनतम सोच(कृषि उपजको प्रशोधन सम्बन्धि कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- प्रशोधित उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?

(ज) अन्य विषय केही भए उल्लेख गर्नुहोस् ।